म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

## SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २१७ २०८१ असार १५ गते शनिबार 29 June 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-






**विद्यार्थीको रोपाइँ**: हेटौँडा-१८, हर्नामाडीस्थित मकवानपुर बालविद्या सदनका विद्यार्थी शुक्रबार रोपाइँ कार्यक्रममा रामाउँदै । विद्यालयले विद्यार्थीकै क्रियाशीलतामा धानको ब्याड राख्ने, रोपाई गर्ने, धान काट्ने, चुट्ने र भित्र्याउनेसम्मको प्रक्रिया पूरा गरेपछि नयाँ धानको खिर समेत खुवाउने कार्यक्रम समेत गर्ने गरेको छ ।

# तीन उद्योगलाई नवप्रवर्तन उद्यमी सम्मान

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले तीनवटा उद्योगलाई सम्मान गरेको छ । शुक्रबार एक कार्यक्रमबीच नवप्रवर्तन उद्यमी सम्मानबाट मकवानपुरसहित अन्य जिल्लाको २ वटा उद्योगलाई सम्मान गरेको हो ।

उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री प्रकाश श्रेष्ठको प्रमुख आतिथ्य तथा मन्त्रालयका सचिव राजेन्द्रकुमार केसीको सभाध्यक्षतामा सम्मान कार्यक्रम भएको हो । मन्त्रालयको चालु आर्थिक वर्ष २०८०/०८१ को कार्यक्रमअनुसार नवप्रवर्तन उद्यमी सम्मान प्रदान गरिएको हो ।

ललितपुर जिल्लाको माउन्ट बी कन्सर्न प्रालि प्रथम, सिन्धुली जिल्लाको ढाका उद्योग द्वितीय र मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका-१५ स्थित श्याम बाटिका एकीकृत कृषि पशु पक्षी फारम तृतीय भई पुरस्कृत भएका हुन् । प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ६० हजार रुपैयाँ, ५० हजार रुपैयाँ र ४० हजार रुपैयाँ नगद राशिसहित सम्मानपत्र प्रदान गरिएको छ ।

सम्मानपछि पुरस्कृति उद्यमी सरिता भट्टराईले सबै उद्यमीको सफताको पछाडि सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहने बताउनुभएको छ । आफ्नो कठिन परिस्थितिलाई अंगालेर कृषि पेसाको माध्यमले आफू यहाँसम्म आइपुग्न सफल भएको उहाँले बताउनुभयो । सबै उद्यमी महिलाहरु पैसा भन्दा पनि आफूले सम्मान पाउने कामको पाटोटिर लाग्नुपर्ने उहाँले बताउनुभयो । विदेशमा गएर करोडौं पैसा कमाए पनि आफ्नो पहिचान नेपालमा बनाउन सक्नुपर्ने उहाँको भनाइ छ । अरुले बाहिरी मुलुकको सामग्रीहरुको उत्पादन गरेपनि आफूले स्वदेशी उत्पादन गरेको भन्दै उहाँले ६५ हजार रुपैयाँ लगानी गरेर मौरीको व्यवसाय सुरु गरेर यहाँसम्म आएको बताउनुभयो ।

उद्योग वाणिजय संघ बागमती प्रदेशका सदस्य उत्तम शर्मा ढकालले नीतिगतरुपमा उद्योगहरुको स्थापना गरेर युवा पिँढीलाई विदेशिनबाट रोक्नुपर्ने बताउनुभयो । उहाँले व्यवसायीलाई प्रवर्द्धन गर्नका लागि स्थानीयस्तरको सामग्रीहरुलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो । विदेशबाट आउने सामग्रीहरुलाई न्यूनीकरण गर्दै स्वेदेशमै उत्पादन हुने वातावरणको सिर्जना गर्नुपर्ने औंल्याउनुभयो । पछिल्लो समयमा नेपालमा सामग्रीको अभाव भएका कारण बाहिरी मुलुकबाट आयात गर्नुपर्ने अवस्था सिर्जना भएको उहाँले प्रष्ट पार्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि मन्त्री श्रेष्ठले अन्य प्रदेशको तुलनामा बागमती प्रदेशमा कृषि र उद्योग क्षेत्रहरु धेरै भएको बताउनुभयो । सबै ठाउँका मानिसहरुले भूगोललाई अध्ययन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटले नीतिगतरुपमा उद्योग र व्यवसाय सञ्चालन गर्नका लागि सहज वातारण निर्माण हुने उहाँको भनाइ छ ।

कृषि पेसामा रुचि भएको तर जग्गा जमिन नभएको मानिसहरुलाई जग्गा उपलब्ध गराउन पहल गर्ने उहाँले विश्वास दिलाउनुभयो । कृषिलाई उद्योग क्षेत्रमा ल्याउन आवश्यक रहेको बताउनुहुँदै कृषिलाई उद्योगमा ल्याउन सके राजस्व संकलन हुने र जनताहरुले रोजगारीको अवसर पाउने उहाँको धारणा छ । ऐन निमावलीको निर्माण नहुँदा उद्योग र वाणिज्य क्षेत्रमा व्यवसाय सुधारका लागि काम गर्न नसकेको उहाँले प्रष्ट पार्नुभयो । कार्यक्रममा महाशाखा प्रमुख महेशराज पौडेल र मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्ज्वल चौलागाईंको पनि उपस्थिति रहेको थियो ।

# वार्षिक उत्सवको अवसरमा १० जना कर्मचारीलाई सम्मान

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले चौथो वार्षिक उत्सवको अवसरमा १० जना कर्मचारीलाई सम्मान गरेको छ । शुक्रबार विहान प्रतिष्ठानले हेटौंडा अस्पतालका ४ जना र प्रतिष्ठानका ६ जना कर्मचारीलाई प्रमाणपत्रसहित सम्मान गरेको हो ।

प्रतिष्ठानले हेटौंडा अस्पतालमा १७ वर्षदेखि सेवा प्रदान गर्दै आइरहनु भएका डा. मिथिलेश ठाकुर, डायलायसिस विभागकी इन्चार्ज सीमा कँडेल, इमर्जेन्सीका अहेव पर्वतकुमार थिङ र २० वर्षदेखि अस्पतालमा कार्यरत कार्यालय सहयोगी दुर्गा अधिकारीलाई सम्मान गरेको छ । यस्तै, प्रतिष्ठानतर्फ बायोकेमिस्ट्रीका प्रशिक्षक सुरेन्द्र मरासिनी, प्रशासनिक कर्मचारी ससिता दङ्गाल, सूचना अधिकारी शक्ति जिसी, कर्मचारी कुमार बिडारी, प्रतिष्ठानको खरिद शाखाका विशाल लामिछाने र लेखा शाखाका सुरज विष्टलाई सम्मान गरिएको हो ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्य रहेको थियो भने उपकुलपति प्रा.डा. विश्वराज जोशीको सभाध्यक्षता रहेको थियो । प्रमुख आतिथि जम्कट्टेलले कार्यक्रममा नेपालमा कोटा प्रणाली हटाउनुपर्ने बताउनुभयो । कोटा तोकेका कारण धेरै विद्यार्थीले पढ्न नपाएको र विदेशिने गरेको उहाँको भनाइ छ । प्रतिष्ठान प्रदेशको गौरव रहेको भन्दै प्रतिष्ठानको मुल उद्देश्य दक्ष्य जनशक्ति उत्पादन गर्ने रहेको उहाँले बताउनुभयो । प्रतिष्ठानले एक हजार जना विद्यार्थी पढाउने लक्ष्य राखेको छ ।

कार्यक्रममा प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाईंले प्रतिष्ठानको आर्थिक वर्षको गतिविधिका बारेमा प्रस्तुति गर्नुभएको थियो । उहाँले कार्यक्रमबिच हेटौंडा अस्पतालमा आइतबारदेखि ओपीडी सेवाको समय बढाउने घोषणा गर्नुभएको हो । उहाँका अनुसार अस्पतालले आइतबारबाट विहान ९ बजेदेखि ४ बजेसम्म ओपीडी सेवा प्रदान गर्ने बताउनुभयो । बिना प्रतिष्ठानको अस्पताल सम्भव नहुने भन्दै उहाँले अस्पतालमा सेवा थपिएको बताउनुभयो ।

प्रतिष्ठानले कार्यक्रममा स्मारिका लोकार्पण र वितरणसमेत गरेको थियो । कार्यक्रममा पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, बागमती प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ, भौतिक पूर्वाधारमन्त्री युवराज दुलाल, खानेपानी, उर्जा तथा सिँचाइमन्त्री एकालाल श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानलगायतको आतिथ्य रहेको थियो । अहिले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २ सय ८० जना अध्यनरत छन् ।

# प्रदेशसभाबाट दुई वटा विधेयक स्वीकृत

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको बैठक शुक्रबार बसेको छ । शुक्रबारको बैठकले २ वटा विधेयक स्वीकृत गरेको हो ।

प्रदेशसभामा सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रदेश उच्च शिक्षा ऐनको पहिलो संशोधन अध्यादेश २०८१ लाई प्रतिस्थापन गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्नुभएकोमा सर्वसम्मत स्वीकृत भएको हो ।

यस्तै, विज्ञान, प्रविधि तथा नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन समितिका सभापति ठाकुरप्रसाद ढकालले पेश गर्नुभएकोमा सर्वसम्मत स्वीकृत भएको हो ।

प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले प्रदेशसभाको बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गर्नुभएको छ ।

# शैक्षिक परिवर्तनका लागि अगाडि बढ्न आवश्यकः अध्यक्ष सिंह

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष पञ्च सिंहले अहिलेको शैक्षिक अवस्था परिवर्तन गर्न अगाडि बढ्नुपर्ने बताउनुभएको छ । शुक्रबार अखिल क्रान्तिकारी मकवानपुरको २३ औं जिल्ला सम्मेलनलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिंहले अखिल क्रान्तिकारीले शैक्षिक परिवर्तनका लागि लड्नुपर्ने बताउनुभयो ।

अध्यक्ष सिंहले विशेषगरी गाउँगाउँबाट शैक्षिक परिवर्तनका लागि अघि बढ्न तयार हुनुपर्ने बताउनुभयो । शिक्षालाई निःशुल्क बनाउन अखिल क्रान्तिकारी लड्न आवश्यक रहेको उहाँको भनाइ छ । उहाँले मुलुकमा निःशुल्क शिक्षा नभएसम्म अखिल क्रान्तिकारी लडिरहने पनि बताउनुभयो ।

देशमा राजतन्त्र हटाउन विद्यार्थी संगठनको ठूलो भूमिका रहेको भन्दै उहाँले अब शैक्षिक परिवर्तनका लागि पनि विद्यार्थी संगठन महत्वपूर्ण बन्नुपर्ने बताउनुभयो । उहाँले अबको शिक्षा प्रणालीलाई सीपमूलक बनाउन आवश्यक रहेको बताउनुभयो ।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले मुलुकमा सुशासन र वर्तमान व्यवस्थालाई कार्यान्वयन गर्न क्रान्तिकारीहरु गोलबन्द हुनुपर्ने बताउनुभयो । अखिल क्रान्तिकारीमा विचारको खोजी र नेतृत्व गर्ने क्षमता हुने भन्दै सबैलाई जोडेर अगाडि बढ्न सक्नुपर्ने उहाँले बताउनुभयो । उहाँले विचारमा बहस गरी शैक्षिक व्यथितिलाई अन्त्य गर्नुपर्ने बताउनुभयो ।

संगठन मकवानपुरका अध्यक्ष श्रवणकुमार बर्तौलाको सभाध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज विजय गौतम, प्रदेश सचिवालय सदस्यहरु ललित घलान, सर्केश घलान, जिल्ला समन्वय संयोजक भीम पाखिनलगायत विद्यार्थी संगठनका पदाधिकारी र प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।






# जीवन के हो ?



✍ **प्रकृति अर्याल**

जीवन एउटा सुन्दर प्राकृतिक उपहार हो । हामी चाहेर जन्मेका हुँदैनौं, नचाहेर पनि जन्मँदैनौं, चाहँदा जन्मदैनौं । जन्म एउटा सबैभन्दा ठूलो संयोग हो, आविष्कार हो, प्रकृतिको सुन्दर र अनुपम सिर्जना हो, उपहार हो । जन्मपछि जीवन प्रारम्भ हुन्छ । हामीले जन्म लिन्छौँ तर जीवनलाई भने भित्र खोज्नु पर्दछ । जीवनको खोजी गर्नु एउटा मानवीय कला हो । यसको वास्तविक अर्थ जिउनु अर्थात भोग्नुमा हुन्छ । यसको कुनै परिभाषा हुँदैन । वास्तविक भोगाइको के परिभाषा हुनु र यो त आफैँमा भेगाई हुन्छ । त्यसै हुन्छ, जे छ, हुन्छ र हुनेछ त्यो नै सार्थकता हो । जीवन के हो भन्ने प्रश्न नै सबैभन्दा ठूलो दार्शनिक प्रश्न हो । यसको अर्थ र सार्थकता केमा छ, त्यो बुझ्नु नै जीवनको सार हो । यस तत्व नै ज्ञानसम्म पुऱ्याउने प्रश्न हो । समुन्द्र भित्र पसेर समुन्द्र कहाँ छ भन्ने जस्ता प्रश्नले यसको उत्तर प्राप्त गर्न गाह्रो नै हुन्छ जीवनमा । यसको रहस्यहरुलाई नै केलाउँदै भोग्दै रमाउँदै आनन्दित हुँदै अगाडि जाने हो । यो एक मात्र गन्तव्य नभएर सुन्दर बाटो हो ।

जीवनको वास्तविक रहस्य खोज र अनुसन्धानले हामीलाई यो बाध्यता हो कि रोजाइसम्म पुऱ्याउँछ । जीवनका मानवीय, पारिवारिक र सामाजिक पाटाहरु छन् । बौद्धिकता, संवेदनशीलता र जिम्मेवारीहरु छन् । उत्तरदायित्व वहन गर्ने कुरालाई नै बाध्यता मान्ने कि रोजाइ ! जीवनको दार्शनिक खोज र भोग, दर्शन र दृष्टिकोणले यसको छिनोफानो गर्छ । जीवन प्रतिको दृष्टिकोण, आदर्श, करुणा र मूल्यले हामीलाई ड्राइभ गरेको हुन्छ । हामी जीवनको भोगाईहरुलाई साथमा बाँकी हरेक दिन संघर्षको मैदानमा एकल यात्री झैँ गन्तव्यका खोजीहरुमा भौतारींदै हुन्छौं । वास्तवमा विचारबाट निर्देशित हुने हामी जे चाहन्छौं त्यो पाउँछौं । विचारको बिज जस्तो रोप्छौं त्यस्तै योजनारुपी रुख र लक्ष्यरुपी फल लाग्छ भन्ने रहस्यलाई खोजी गर्दै हुन्छौं । अमृतवृक्ष रोपे अमृत र विषवृक्ष रोपे विष फल्छ भन्ने कुरा छ, विचार निर्माणको विषयलाई कसरी ग्रहण गर्ने भन्ने कुरा आफैँमा दुःख छ, असफलता छ, अज्ञानता छ । साथै गरिबी र बाध्यता पनि आफ्नो ठाउँमा छ । यी सबै वास्तवमै सापेक्षित कुरा हुन् । समय सदैव परिवर्तनशील हुन्छ । दुःख-सुखमा, असफलता-सफलतामा, अज्ञानता-ज्ञानमा, गरिबी-सम्पन्नतामा, बाध्यता-रहरमा कुनै बेला पनि बद्लिन सक्छ । साथै नबद्लिन पनि सक्छ अनि पुनः बद्लिन्छ पनि ।

खाली प्रक्रियामा समय लाग्छ भने झैं यो सबका लागि बोध र धैर्यताको आवश्यकता पर्छ । सत्य लागेको असत्य र असत्य लागेको सत्य पनि हुन सक्छ । खासमा जीवन भनेकै धैर्यता र बोधको लामो यात्रा हो । अझ खास भन्दा एक सत्य जस्तै लाग्ने भ्रम हो । एक भ्रमबाट अर्को भ्रमसम्मको यात्रा हो र हामी एक यात्री हौँ । जसरी दुःखको भारी सुख हुँदैन त्यसरी नै हामीले पनि जीवनलाई भारी, बोझ र बाध्यताको रुपमा हेर्नू हुँदैन । चाहे अरुले जस्तोसुकै देखोस् या वास्तविकता नै किन नहोस् तथापि त्यो पनि परिवर्तन हुने कुरा हो भन्दै सुन्दर जीउने अवसरको रुपमा लिँदै उच्चतम् विवेकको प्रयोग गर्दै बाँच्नुपर्छ । हाँसो ठट्टालाई पनि जीवनको एक हिस्सा बनाउनु पर्छ । बाँच्नु जत्तिको ठूलो कुरा केही रहेनछ । जे जति छ बाँच्नुमा छ बाँकी त के छ र हाम्रो जीवनमा ? बाँचिएकै छौँ र त हाँस्न, रुन, गुनासो गर्न पाएका छौँ । जीवनमा हामीले कहिले हरेस खानु हुँदैन किनभने जति दुःख आएपनि जिन्दगी सधैँ एकैनाश नरहने भएकोले पुनः भोलिका दिनमा उदाउन सक्छ । त्यसले हामी कहिले, हरेस नखाउँ र हरेस नखानाले हामीलाई बाँच्नुको वास्तविकतालाई सिकाउँछ, बाँच्नु नै सफलता भएको इङ्गित गर्छ । यदि हामीले बाध्यताको जीवन बाँच्छौं भने हाम्रो शारीरिक, मानसिक, बौद्धिक र आत्मिक क्षमतालाई सीमित गर्छौं । स्वतन्त्रता नष्ट गर्छौं । जीवनको सही अर्थ निर्माण गर्न सक्दैनौं । कुनै पनि विषय र क्षेत्रमा गहिरिन सक्दैनौं । इतरमा रस छ, आफैंमा चाहिँ छैन भन्ने निष्कर्षमा पुग्छौं निरास हुन्छौं हाँसिदिन्छौं, खाँदैनौं-खाइदिन्छौं, गर्दैनौं-गरिदिन्छौं, लाउँदैनौं-लगाइदिन्छौं, भोग्दैनौं-भोगिदिन्छौं । यी सबै भोगाइहरू र बाध्यताको जीवन बाँच्नेहरुका अनुभूति र अनुभवहरुमा आधारित छन् । जब हामी हाम्रो रोजाइको जीवन बाँच्छौं, हामीले हाम्रो शारीरिक, मानसिक, बौद्धिक र आत्मिक क्षमतालाई असीमित बनाउँछौं । जीवनप्रतिको आत्मविश्वास जाग्छ । जाँगर र उत्साह आउँछ । आफैंमा रस देखिन्छ । इच्छाशक्ति तीव्र हुन्छ । कुनै विषय वा लक्ष्यलाई लिएर हामी जस्तोसुकै कठिन यात्रा नै किन नहोस् गर्न तयार हुन्छौं । हामीले रोजेको प्रेमिका/प्रेमी या रोजेको काम यसका उदाहरणहरु हुन् । जहाँ इच्छा, त्यहाँ उपाय हुन्छ ।

शारीरिक रुपले कमजोर भएर पनि जीवन रोजेकाहरुको सफलता हेरौं न । अमेरिकी वैज्ञानिक स्टेफन हकिङ, अमेरिकी लेखिका हेलेन केलर, नेपाली अब्बल सष्टा झमक घिमिरे, मेक्सिकोका प्रख्यात कलाकार प्रिद्रा कोँ, चर्चित बलिउड नृत्याङ्गना सुधा चन्दन । यी त प्रतिनिधि उदाहरण मात्र हुन् । हरेक मानिसका इच्छा हुन्छन् । रोजाइ हुन्छन् । इच्छा र रोजाइलाई स्वयम्ले गहिरिएर हेर्ने, शुद्धीकरण गर्ने, मूल्यवान र अर्थपूर्ण बनाउने हो भने शरीर, मन र आत्मा संयोजनमा संयुक्त शक्ति लिएर पूर्ति गर्न लागी पर्छ । कुनै बाध्यताको आभास हुँदैन । त्यो उसको डेस्टिनी बन्छ । चाहना र रोजाईको काममा थकाइ हुन्न । कामैबाट खुशी, आराम र मनोरञ्जन पाउँछ । जब काम पूजा र आराधना बन्छ । त्यही आनन्द पाउँछ । त्यही काम बाध्यतावस गर्नु पऱ्यो भने चैन भाग्छ । जीवनलाई बाध्यात्मक ठानेर बेअर्थी बनाउने कि रोजाइ अनुसारको बाँचेर अर्थपूर्ण बनाउने आफ्नै हातमा हुन्छ तर जीवन स्वयं भने ईश्वरको हातमा हुन्छ जुन भाग्यवस अहिले हामीले पाएका छौं । लाखौं र करोडौं मध्ये एकलाई प्राप्त हुन्छ । जो अहिले हामीलाई सुन्दर अवसर प्राप्त छ । भनिन्छ, शरीर बूढो हुँदै जान्छ । मन अझ परिपक्व हुँदै जान्छ । कहिल्यै बूढो हुँदैन मन । असीमित शक्ति मनसँग हुन्छ । जति भोग्दै गयो त्यति बुझ्दै गयो, जीवन झन्-झन् अर्थपूर्ण र मूल्यवान हुँदै जान्छ । मर्ने बेलामा त जीवनको मूल्य चुलिएर सगरमाथामा बन्छ । थोरै वातावरणले र बाँकी सबै मन र मस्तिष्कले जीवनलाई कसरी लिने र चलाउने भन्ने निर्धारण गर्छ ।

मानिसका आ-आफ्ना बुझाई र भोगाई हुन्छन् । यस्तो फरकपन हुनु नै मान्छे हुनु हो । यात्रा आफैं गर्नुपर्छ । यात्री त कतिबेला बाटो बन्नुपर्छ । त्यसमा पनि बाटोहरु अलग-अलग हुनसक्छन् तर गन्तव्य एउटै छ । आखिर सबैको जीवनको यात्रा असत्यबाट सत्यतर्फ, अन्धकारबाट प्रकाशतर्फ, असफलताबाट सफलतातर्फ, अंशबाट पूर्णतातर्फ र मृत्युबाट अमर तातर्फको नै हो र हुनुपर्छ । हामीलाई जीवनको बाध्यताले होइन रोजाइले नै यी प्रक्रियाहरु तर्फ धकेल्छ ।

हामी रोज्छौं एउटा, चाहान्छौं । एउटा तर अर्कै पायौं जस्तो लाग्छ । अल्पकालमा यस्तो लागेको भए पनि दीर्घकालनमा त्यो पाएरै छाड्छौं । अन्ततः आकर्षणको नियम लागू भएरै छाड्छ । तर गर्नु पर्ने मूल कुरा हो, नियमपूर्वक अभ्यास, सकारात्मक सोच, पूर्ण विश्वास, मिहिनेत र संघर्ष । वर्तमानमा पल प्रतिपल आफ्ना लागि बाँच्न, डर र तनावबाट मुक्त हुन, मनका कुरा बोल्न, असलमित्र बनाउन र खुशी हुन जीवनका बाध्यताहरुबाट मुक्त हुनै पर्छ । बेलैमा आफ्नो जीवनले रोजेको बाटो हिँड्नै पर्छ । सिग्मण्ड फ्रायडको कथन अनुसार सबैभन्दा महत्वपूर्ण दुई कुरा, काम र प्रेम गर्न सिक्ने, प्रतिष्ठित वैज्ञानिक फ्रान्सिस क्रिकको जस्तै काम गर्दा-गर्दै मर्न मन हुने, जे कुरा शुरु हुन्छ, त्यो टुंगिन्छ पनि भन्ने बोध हुने हो भने असली जीवन बाँच्न सकिन्छ । यहाँ काम सृजनात्मक र प्रेम समर्पित हुने र दुख-सुख दुवै बितेर जान्छ भने तत्वज्ञानको बोध नहुँदा मात्र जीवन बाध्यता बन्ने हो । जीवनको लय र कला छुट्ने हो । खुशी भएर बाँच्नु एउटा कला हो र त्यो धेरै हदसम्म आफ्नो हातमा हुन्छ भन्ने छोपिने हो । अनि धेरै मानिस खुशीको खोजीमा जीवन बिताउँछन्, आँसु हात लाग्ने हो । तर खुशी भनेको त्यसरी टाढा खोज्नुपर्ने कुरा नभएर आफ्नै वरिपरि हुन्छ र आफ्नो रोजाइको कुरा पनि हो । जब त्यो भेटिन्छ र भित्री आँखा खुल्छ अनि सुख, खुशी र आनन्द स्वयम् प्रकट हुन्छ भनेर बोध हुने हो भने जीवन रोजाई हुन्छ तर दुखको कुरा जीवन बुझ्नेले पनि सायद अन्तिममा मात्र बुझ्दा हुन् । समय सकिएपछि ।

परिणाममा हाम्रो जीवन मूल्यवान भयो । यात्रा अमरतातर्फको तय भयो । हाम्रो जीवनको सत्यको, सफलताको, पूर्णताको, उज्यालोको र अमरताको बाटो खुल्यो । अतः बेलैमा ज्ञात होस् जीवन बाध्यता हुँदै होइन्, रोजाइ अवश्य हो । रोज्नुहोस, आनन्दले जीउनुहोस् । वास्तवमा जीवनलाई सुन्दर बनाउनका लागि अरु केही गर्न पर्दैन, मनको विकार त्याग गरे पुग्छ । हाम्रो मनभित्र अनेक प्रकारका विकार जमेर रहेको हुन्छ । त्यही विकार हो, जसले हामीलाई हास्न दिँदैन । त्यही विकार हो, जसले हामीलाई खुसी हुन दिँदैन । त्यही विकार हो, जसले हामीलाई उमंग दिँदैन । अक्सर हामी समस्याको कारण दुखी हुन्छौं । यस्तो लाग्छ, हामीलाई चारतर्फ समस्याले घेरा हालेका छन् । कतिले यसबाट उन्मुक्ती पाउनका लागि आत्महत्याको बाटो रोज्छन् । मानौं, समस्या यस्तो भूत हो, जसले हामीलाई लखेटिरहन्छ । तर, त्यही समस्याले अवसर पनि लिएर आएका हुन्छन् । हरेक समस्याभित्र समधान मात्र हुँदैन, अवसर पनि हुन्छ । त्यसैले जुन कुरालाई हामी समस्या देख्छौं, असल मान्छेहरुले त्यहीभित्र अवसर खोज्छन् भनिन्छ, नि हरेक समस्याको एउटै हल हो श्रम । अर्थात श्रम नै हरेक समस्याहरुको समधान हो । जब हामी सार्थक श्रम गर्छौं, त्यसले कुनैपनि समस्यालाई नजिक पर्न दिँदैन । त्यसैले श्रमबाट हामी कहिले पनि विमुख हुनुहुँदैन ।


*स्नातक तह प्रथम बर्ष, मकवानुपर बहुमुखी क्याम्पस, हेटौँडा-२*

## चित्रकला






**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बड्डी प्रि-स्कुल, हेटौँडा-४**





**सुयोग श्रेष्ठ**
**कक्षाः-५, ब्रम्हदिक् एकेडेमी, हेटौँडा-४**






**खुसी श्रेष्ठ**
**कक्षा-७, निर्मल मावि, हेटौँडा-१९**





**समृद्धि श्रेष्ठ**
**कक्षा-३, ब्रह्मदिक् एकेडेमी, हेटौँडा-४**





**दिपासना थापा**
**कक्षाः- १०, जिएस निकेतन, हेटौँडा-५**

# बहिनी



✍ओसिव केशरी

मेरी सानो बहिनी
कति राम्री बनेकी
कति धेरै पढेकी
छैन कतै लडेकी

कुरा कति जानेकी
राम्रो काम गरेकी
खना खान मानेकी
चिया पनि छानेकी

छिन् धेरै सानी
तर कति ज्ञानी
बानी पनि असल
जान्न कहिले पसल

*कक्षा-५, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# मेरो विद्यालय



✍कृष्मा तिमल्सिना

पढ्न पनि यहीँ सिक्यौं
खेल्न पनि यहीँ
लेख्न पनि यहीँ सिक्यौं
ज्ञानी हुन पनि

विद्यालयमा ज्ञानगुणका कुरा पनि सिक्यौं
साथीभाइसँग मिलेर बस्न पनि सिक्यौं
क ख ग घ र ब, द, अ, म यही सिक्यौं ।
राम्रो लुगा लगाएर विद्यालय आयौं

घर पनि आफ्नै हो
विद्यालय पनि आफ्नै हो
मन पनि आफ्नै हो
तन पनि आफ्नै हो ।

असल बानी व्यवहार पनि यही सिक्यौं
नराम्रो बानी व्यवहार सबै हटायौं
मलाई धेरै राम्रो लाग्छ मेरो विद्यालय
सबैभन्दा राम्रो छ मेरो विद्यालय

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# बुद्ध जयन्ती




✍मानस्वी पुडसैनी

भगवान पनि आए बुद्ध मायादेवीको काखमा
चार दिशामा सात कदम चाली सिद्धार्थ लुम्बिनीमा
खुसीले भरिपूर्ण हुने थियो उहाँको जीवन
तर बाहिरी दुःखले छोयो उहाँको मन
छोडिदिए राजदरबारको सुख र चयन
खोज्न थाले मार्ग जसमा थियो ज्ञान, महल छोडी गए

भगवान आत्मज्ञानको खोजीमा
पुगे ग गुरुको शरणमा ज्ञान लिँदै घुम्न थाले ध्यान र
साधनामा पाए उनले आत्मज्ञान बोधिवृक्षको फेदमा
उनी थिए ज्ञानी र भए महान संसारलाई सिकाए
उनले पाएको ज्ञान उनको मन कोमल र शुद्ध
थियो उनी शान्तिको प्रतिक गौतम बुद्ध

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# सरकारी हस्पिटल



✍श्रेया तिमल्सिना(सीता)

कसरि भनौ तिम्रो चिरचिराहट
सँग पनि मेरो लगाव छ
यहाँ हस्पिटल धेरै छन
तर डाक्टरको अभाव छ

तिमि छटपटाइरहेको हुन्छौं
यता मेरो
औषधि लिनेको लाम हुन्छ
यो कस्तो मन्दिर
जाहाँ पैसा हुनेको मात्र काम हुन्छ

बिरामी कुर्नेहरु नै
बिरामी हुने ठाउँमा
महङ्गी पनि उतिकै छ
आपतकालिनको नाउँमा
उसैको नजर आजसम्म
पुग्न सकेको छैन्
जो म सबथोक गर्छु
भोट माग्न पुगेको थोयो गाउँमा

सरकारी हस्पिटल याहाँ
शुल्क बिना के पाइन्छ
दस रुपैयाँ पर्ने
सिटामोलको पनि
सरकारलाई कर चाहिन्छ

*बिबिएस तेस्रो बर्ष*
*मकवानपुरबहुमुखी क्याम्पस, हेटौंडा-२*

# फेरी



✍शिवराज शाही

नखोज छुन, यी चिसा परेली
मनमा आगो, सल्केला फेरी ।
जाँदैछु म, भिरको बाटो
पछ्यौरी तिम्रो अल्झेला फेरी ।

तरेको खोला, तिम्रो हात समाई
त्यो पल अब म, कहिल्यै सम्झिन्न
जलाउ मेरो, तस्बिर त्यो दिलको
सजिलो होला, मलाई बिर्सिन ।

नखोज छुन, यी चिसा औला
अशुद्ध छु म, मैलिन्छौ फेरी ।
नजुधाउ नजर, जहर बनेर
अङ्ग अङ्गमा, फैलिन्छौ फेरी ।

गरेको वाचा, देउराली भाकी
झुटो भयो त्यो, सत्य रहेन ।
मनको कसम, आँखाको वचन
पीडा भयो त्यो, प्रेम रहेन ।

नखोज पुज्न, देउराली माता
पाउँछौ श्राप, पग्लिन्छौ फेरी ।
नखोज रोक्न, हात थामेर
फर्किन्छु म, सकिन्छौ फेरी ।

*मकवानपुर बहुमुखी क्याम्पस,*
*हेटौंडा-२*

# कल्पवृक्ष जनताको बहुदलीय जनवाद



✍कृष्मा लौडारी

हटाएर निरङ्कुशताको कालो बादल
जब उदायो लोकतन्त्रको सूर्य
तब भत्कियो सरदारहरूको
एकदलीय शासनको पर्खाल
त्यसैले त कल्पवृक्ष हो हाम्रो
बहुदलीय जनताको जनवाद

मिलेर विचारका नदीहरू
बने विविधताको सागर
गुन्जिए सबैको आवाज
जप्दै समावेशिताको मन्त्र
उठे सिमान्तकृतहरू जुट्हेरू पनि
नाचे निस्फिक्री नाच
गाउँदै परिवर्तनको गीत

खुल्ला बजारको हावाले
फुकायो अर्थतन्त्रको पङ्ख
रोपियो विकासको बीउ
र झुले लहलह समृद्धिको फसल
वीर अस्पतालदेखि गाउँका क्लिनिकहरूसम्म
जोडिए स्वास्थ्य संस्थाको पुल
बलियो शिक्षाको दियो
दरबार हाई स्कुलदेखि गाउँ स्कुलसम्म
बन्यो सूचनाको राजमार्ग
बन्यो विचारको स्वतन्त्र प्रवाह
गुन्जियो साफ्टासम्म नेपालकै नाम
र त कल्पवृक्ष हो
हाम्रो जनताको बहुदलीय जनवाद ।

आज
नरोपेको भए जनताले कल्पवृक्षको बीउ
फल्ने थिएनन् सपनाहरू
पलाउने थिएनन् नेपालको कोपिलाहरू
र फक्रिने थिएनन् स्वतन्त्र र परिवर्तनका दिउलहरु

तर
अझै कठिन छ गोरेटो हटाउनु छ
भ्रष्टाचारको गोरेटो र अस्थिरताको ढुङ्गा
सिंहदरबारदेखि सुदूरपश्चिमसम्म
समातेर हाँगो
जनताको बहुदलीय जनवादको
बसेर यही कल्पवृक्षको छहारीमा
फलाउनु छ नयाँ नेपालको सपना

*कक्षा-९, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# वातावरण

✍सिमेका अधिकारी

वातावरणलाई स्वच्छ राखौँ
आफै पनि स्वच्छ बनौँ
वातावरणलाई स्वच्छ राख्नुपर्छ
आफ्नो ज्यान बचाउनुपर्छ

वातावरणलाई स्वच्छ राखौँ
आफै पनि स्वच्छ बनौँ
दुर्गन्ध नपारौँ सबै
यहाँ सबै मिलेर सँगै बाँच्नुपर्छ

वातावरणलाई स्वच्छ राखौँ
आफू पनि स्वच्छ बनौँ
पानीलाई नगर है प्रदूषित
भोलि पर्सी आकाशबाट झरेन भने शित

वातावरणलाई स्वच्छ राखौँ
आफू पनि स्वच्छ बनौँ
वृक्षरोपण गरौँ है
सास फेरौँ है

*कक्षा-५*
*ब्रह्मदिक् एकेडेमी*
*हेटौंडा-४*

## गाउँखाने

१. थालमा भात भयो बिटमा दाल भयो ।
- धान र मास


२. थालमा नाच्दो खेल्दो, त्यसपछि घाम ताप्दो ।
- रोटी पकाएको

३. थालभरी सुपारी, गन्न नजान्ने व्यापारी ।
- आकाशका तारा

४. दश औंला नाचिरहन्छ, दुईटा सियो नाचिरहन्छ ।
- स्वीटर बुनेको

५. दऱ्हो टाउको लामो जिउ, गिदी छैन खान्न घिउ ।
- मदानी

## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तर वार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: धपेडी बढ्न सक्ने समयको योग छ । दौडधुप बाट लाभ हुनेछ । वैराग्य र निराग्य भावहरु सञ्चरण हुन सक्लान । आर्थिक विषयलेमा पिरोल्ला । धार्मिक पक्षयमा सरिक भइने छ । एकग्रतामा कमी आउला लेनदेनमा सार्थक अपनाउनुपर्ला । प्रेम जीवनमा जिम्मेवारी बन्नुपर्ला । शिक्षादीक्षा तर्फको कुरा गर्दा मनमा विविध थकानको अनुभूति देखिनेछ ।

**वृष राशि**: व्यस्थताको बीचमा समय व्यतित होला । व्यक्तित्वमा सकारात्मक परिवर्तन आउला । प्रतिष्टा प्राप्त हुने समयको योग छ । कारोबारमा राम्रो प्रतिफल पाउला । व्यापार र व्यावसायी मध्यक रहला । सामाजिक एवम् धार्मिक काममा सरिक भइने समयको योग छ । कर्म प्रतिको सम्पर्ण भाव बढ्ने समयको योग छ ।

**मिथुन राशि**: आफूभन्दा ठूलोको आर्शिवाद प्राप्त हुने समयको योग छ । लक्ष्य प्रति दढ भएर काम गरिनेछ । भाग्यले साथ देला । रोकिएको कामले पूनः साथ देला । प्रयासले काममा पूर्ण साथ मिल्ला । पदोन्नती र थप अध्ययनका लागि प्रयास गर्ने समयको योग छ । वैदेशिक योग्ताको लाभ । परीक्षा र प्रतियोगिताबाट उत्तम फल प्राप्त होला ।

**र्ककट राशि**: विपक्षीहरुसँग सजगता अपनाउन पर्ला । सानो प्रयासले रोकिएको काम बन्नेछ । परोपकारी र धार्मिक क्षेत्रको काममा मन आर्कषित हुने समयको योग छ । दामपत्तीय जीवनमा सुमधुरता बढ्नेछ । नवीनकामको थालनी होला । नियमको पालना गर्दा उचित हुनेछ । व्यापार-व्यावसायी र अध्ययन-अध्यापनको समय ठिकै रहने योग छ ।

**सिंह राशि**: महत्वपूर्ण काम सञ्चालन होला । अत्माबल बढ्ने समयको योग छ । स्वादीष्ट व्यञ्जनको आन्नद मिल्ला । कार्यक्षेत्रमा पनि अनुकुलता नै देखिएला । रमाईलोमा समय व्यतित होला । व्यापार-व्यावसायी मध्यम रहला । गोपनीयतामा विचार गर्नुहोला । अध्ययन र अध्यापन दुबै ठिकै रहने समयको योग छ ।

**कन्या राशि** : पेसा र व्यावसायीमा असजिला पक्षहरु निराकरण होला । भौतिक दुःख र मायाका लागि समय निकार्नुपर्ला । विपरीत लिङगिको सहयोग प्राप्त हुनेछ । नृत्य गायनको मन जाने समयको योग छ । वैदेशीक कामको समय जाने योग छ । धार्मिक अनि पढाईको क्षेत्रमा सफल भइने समयको योग छ ।

**तुला राशि**: ज्ञानमुलक विषयमा सरिक भइने समयको योग छ । विशेष काम गर्दा आफ्नतको सहयोग लिँदा राम्रो होला । रिस राग र घमण्डलाई त्यागेर आफ्नतको सहयोग मिल्ला । भोज पार्टीको कारणले व्यापार बढ्ला । जीवन साथीको सहयोग मिल्ला । ताकेको काम सम्पन्न हुने समयको योग छ । पढाई लेखाईको समय मध्यक रहने समयको योगछ ।

**वृश्चिक राशि**: घरायसी समयमा केन्द्रीय भइने समयको योग छ । आर्थिक पक्ष कम्जोर देखिने छ । चुनौती र व्यधालाई हटाउन समयको योग छ । मनोरञ्जनमा रमाउने समयको योग छ । शिक्षादीक्षाको समयमा लाग्ने व्यक्तिहरुको राम्रो समयको योग छ । धार्मिक एवम् सामाजिक काममा सरिक भइने योग छ ।

**धनु राशि**: मानसिक अस्थिरता प्राप्त हुने समयको योग छ । काममा ढिला सुस्ती हुने समयको योग छ । व्यापार-व्यासायीमा कारक हुने समयको योग छ । वैदेशिक रोजगारीमा सम्झदार रहला । स्वास्थ्य स्थितिमा विकार आउने छ । विवाद र कलहलमा नमुछिँदा राम्रो होला । स्त्रीपक्षको आर्शीवाद प्राप्त हुने समयको योग छ ।

**मकर राशि**: समय ठिकै छ । नसोचेर नचिताएको स्थानकर राम्रो होला । परोपकारी काम वा दान कर्ममा केही लगानी बढ्ला । मिठास युक्त भोजन प्राप्त व्यापार-व्यावसाय मध्यकर रहला । मङलिक कार्यले मनमा डेरा जमाउन स्वास्थ्य स्थिति प्रति सचेत हुँदा राम्रो होला । मत्या पक्षबाट विशेष लाभ प्राप्त होला ।

**कुम्भ राशि**: निर्णयले काम बन्ने समयको योग छ । व्यक्तित्व विकास बढ्ला । व्यावसायीक दृष्टिले लाभ नै होला । नयाँ जिम्मेवारी प्राप्त हुन सक्ला । मिहेनतले काममा पूर्ण सिलता होला । बोलीमा विचार पुऱ्याउनपर्ला । अध्ययन र अध्यायापन सामाजिक दायित्व बढ्ने समयको छ ।

**मीन राशि**: व्यक्तित्व विकास बढ्ला । आर्थिक व्यापार बढ्ने समयको योग छ । समस्या र व्यापार बढ्नाले चिन्ति भइने समयको योग छ । आत्याबल बढ्ने छ । सफलता र असफता उस्तै बढ्ने रहनेछ । पढाई लेखाई ठिकै छ । वैदेशीक लाभ प्राप्त होला ।

# महान

**लघुकथा**



✍श्यामप्रसाद श्रेष्ठ

"ए यहाँ सुन त ! हाम्रो पार्टीको अध्यक्ष्यले पनि ठुलै भ्रष्टाचारको काण्ड गरेको रहेछ नि !" विवेकले नतमस्तकलाई कानमा खुसुक्क भन्यो ।

"हे...चुप लाग ! हामी कार्यकर्ताले हाम्रो अध्यक्षलाई भगवान सरह मान्नु पर्दछ । उ..हाम्रो पार्टीको जुलुश पनि आयो ।

"आईज जुलुशमा हिँडौं ।"

सडक छेउमा आश्चर्यचकित भएर जुलुस हेरिरहेको एक बृद्धले सँगैको एक युवकलाई सोध्यो, "बाबू ! यिनीहरु को हुन ?"

युवकले बृद्धलाई हेर्दै जवाफ दियो, "बुवा ! यिनीहरु आफ्नो आँखाले देख्दैनन्, आफ्नो कानले सुन्दैनन्, बुद्धि शून्य छ । विचरा यिनीहरु सबै अपाङ्ग हुन् ।"

"हाम्रो नेता 'महान छन !" जुलुशबाट निस्केको नाराले आकाश गुञ्जायमान हुँदै थियो ।

के तपाइ' 'आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

# ७ वटा टिपर नियन्त्रणमा लिएर छोडियो



*हेटौँडा उपमहानगरपालिकाको कार्यालय अगाडि रोकी राखेका टिपरहरु ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले ७ वटा टिपर नियन्त्रणमा लिएर छाडेको छ। बिहिबार साँझ राजश्व छलेर ढुङ्गा र बालुवा ढुवानी गरेको भनी हेटौँडा उपमहानगरपालिकाले ७ वटा टिपर नियन्त्रणमा लिएको थियो । निकासी गर्ने क्रममा आवश्यक कागजात नभएको भनी बिहिबार साँझ हेटौँडाको रातोमाटे र चौकिटोलबाट टिपर नियन्त्रणमा लिइएको थियो ।

भीमफेदी गाउँपालिकाबाट निकासी भएको बालुवा र ढुङ्गा ढुवानी गर्ने टिपरमा चलानी र भ्याट बिल नभएकोले नियन्त्रणमा लिएको हेटौँडा उपमहानगर पालिकाका अधिकारीले जानकारी दिएको छ। भीमफेदी गाउँपालिकाको सगरमाथा रोडा उद्योगबाट ३ टिपर बालुवा र पवित्रा कंक्रिट उद्योगबाट ४ टिपर ढुङ्गा निकासी हुँदै गर्दा राजश्व छली समेत उपमहानगरले अनुमान गरेको थियो ।

हेटौँडा उपमहानगरपालिकाको राजश्व संकलन टोलीले टिपर नियन्त्रणमा लिएको थियो। नियन्त्रणमा लिइएका टिपर मध्ये ४ वटा टिपर हेटौँडा उपमहानगर पालिकाको कार्यालय अगाडि नै राखिएको थियो भने ३ वटा टिपर रातोमाटेमा राखिएको थियो । टिपर नियन्त्रणमा लिइएपछि भीमफेदी गाउँपालिकाका उपाध्यक्ष सञ्जीव श्रेष्ठले राजश्व छली नभएको भनी जानकारी गराएपछि हेटौँडा उपमहानगरपालिकाले टिपर छाडेको हो ।

# २४ जना महिलालाई सम्मान

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-४ स्थित महिला जागरण समूहले २४ जना महिलालाई सम्मान गरेको छ । समूहले एक कार्यक्रमबीच ५ दिने झोला तथा खादा तालिममा सहभागी भएका २४ जना महिलालाई सो खादा तथा प्रमाणपत्रसहित सम्मान गरेको हो ।

बिहीबार हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयले महिला जागरण समूहको व्यवस्थापनमा एकदिने अभिमुखीकरण कार्यक्रमसमेत आयोजना गरेको थियो । कार्यक्रममा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले वडाबाट प्रदान गरिने सेवा सुविधाको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले वडालाई पहिले व्यवस्थित बस्ती, व्यवस्थित सहर बनाउने बताउनुभयो । यस्तै, वडालाई शिक्षाको केन्द्र, खेलकुदको विकास, वडामा धार्मिक क्षेत्र तथा सामाजिक भेला अभियान सञ्चालन गर्ने उहाँको भनाइ छ ।

कार्यक्रममा महिला जागरण समूहको बारेमा हेटौंडा उपमहानगर पालिकाको महिला, बालबालिका तथा सामाजिक समावेशीकरण महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले प्रस्तुति गर्नुभएको थियो। कार्यक्रममा वडा अध्यक्ष सिग्देलको प्रमुख आतिथ्य रहेको थियो । राधिका चौलागाईको सभाध्यक्षता रहेको कार्यक्रममा हेटौंडा ४ का वडा सदस्य गीता त्रिपाठीको विशेष आतिथ्य रहेको थियो। कार्यक्रममा करिब ५५ जनाको सहभागिता रहेको थियो।

# हेटौंडामा पनि नेपाली जुत्ता घर

समाज संवाददाता

हेटौंडाः नेपालका ८ वटा जुत्ता, चप्पल निर्माण कम्पनिले हेटौंडामा एउटै बिक्री केन्द्र स्थापना गरेको छ । नेपाली जुत्ता घरको नाममा एकीकृत बिक्री केन्द्र सञ्चालन गर्ने क्रममा शुक्रबार हेटौंडामा ११ औं एकीकृत बिक्री केन्द्र स्थापना गरिएको हो । बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री प्रकाश श्रेष्ठले हेटौंडामा स्थापना गरिएको नेपाली जुत्ता घरको उद्घाटन गर्नुभयो ।

नेपाली ब्राण्डको प्रवर्द्धन गर्न तथा बिक्री व्यवस्थापनमा सहजताका लागि देशभर एकीकृत बिक्री केन्द्र स्थापना गरिएको नेपाली जुत्ता घरका अध्यक्ष तथा जुत्ता, चप्पल उत्पादक संघ नेपालका पूर्वअध्यक्ष होमनाथ उपाध्यायले जानकारी दिनुभएको छ। एकीकृत बिक्री केन्द्र सञ्चालन गर्दा संयुक्तरुपमा ब्राण्डिङ, बजारीकरण र उपभोक्तालाई पनि एकै ठाउँमा नेपाली ब्राण्डबीच नै छनोटको अवसर रहने उपाध्यायको भनाइ छ । नेपालमा जुत्ता, चप्पल उत्पादनमा लगानी बढे पनि दक्ष जनशक्तिको अभाव रहेको, सीमा क्षेत्रमा भन्सार छलेर आयात हुने अवैध जुत्ता, चप्पलका कारण नेपाली लगानीकर्ता मर्कामा परिरहेको उपाध्यायले गुनासो गर्नुभएको छ ।

नेपाली जुत्ता घरको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री प्रकाश श्रेष्ठले नेपाली ब्राण्डको जुत्ता, चप्पल उद्योग सञ्चालनका लागि औद्योगिक क्षेत्रमा आवश्यक स्थान उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्नुभएको छ। नेपाली जुत्ता घर उद्घाटन कार्यक्रममा जुत्ता, चप्पल उत्पादक संघ नेपालका अध्यक्ष रुद्रप्रसाद न्यौपाने, निवर्तमान अध्यक्ष नानीराम घिमिरेको पनि आतिथ्य रहेको थियो ।

# मकवानपुरमा यु-१७ खेलाडी छनोट सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा यु-१७ फुटबलका लागि खेलाडी छनोट सुरु भएको छ। शुक्रबार हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसको चौरमा छनोट प्रतियोगिता सुरु भएको हो ।

मकवानपुर जिल्ला फुटबल संघले सुरु गरेको छनोट प्रतियोगितामा जिल्लाका विभिन्न गाउँपालिकाबाट करिब १ सय ८७ खेलाडीहरु सहभागी भएका छन् । छनोट प्रतियोगितामा बागमती, इन्द्रसरोवर, थाहा, बकैया, मनहरी, हेटौंडालगायतका पालिकाबाट खेलाडीहरु सहभागी हुन आएको छनोट प्रतियोगिताका संयोजक तथा संघका उपाध्यक्ष युवराज लामाले बताउनुभयो । छनोट प्रतियोगिता आज शनिबारसम्म सञ्चालन हुने संयोजक लामाले बताउनुभयो ।

प्रतियोगितामा सहभागी हुन आएका १ सय ८७ जना खेलाडीहरु मध्ये १० जना खेलाडी जिल्लाको प्रारम्भिक छनोटमा राख्ने उहाँले बताउनुभयो । छनोट प्रतियोगितामा सहभागी गराउनका लागि खेलाडीहरुसँग प्रतिव्यक्ति एक सय रुपैयाँको दरले दर्ता शुल्क लिइएको थियो ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले १७ वर्ष उमेर समूहका किशोर खेलाडीहरुलाई एसियन कप क्वालिफाइ प्रतियोगितामा सहभागी गराउनका लागि ४८ जिल्लाको फुटबल संघलाई खेलाडीहरु छनोट गर्न निर्देशन दिएको छ । संघले उत्कृष्ट किशोर खेलाडीहरु उत्पादन गर्ने लक्ष्यसहित जिल्लालाई १० जना खेलाडी छनोट गर्न निर्देशन दिएको हो ।

मकवानपुरका एन्फा प्रशिक्षक विजयलाल श्रेष्ठ र ज्ञानु मोक्तानको नेतृत्वमा खेलाडीहरु छनोट गरिने बताइएको छ। किशोर खेलाडीहरुको खेल कौशलता र प्रदर्शनीको आधारमा दुबै प्रशिक्षकले खेलाडीहरुको मूल्यांकन गर्नुहुनेछ। यसअघि पनि यु-१३ को छनोट प्रतियोगितामा संघका उपाध्यक्ष युवराज लामाको संयोजकत्वमा खेलाडीहरु सहभागी भएका थिए भने श्रेष्ठको नेतृत्वमा टिम छनोट गरिएको थियो ।

जिल्लाबाट प्रारम्भिक छनोटमा पर्ने खेलाडीहरुले असार १७ गतेदेखि २२ गतेसम्म काठमाडौंमा हुने प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी हुन पाउनेछन् । प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने मकवानपुरका खेलाडीहरुले १३ जिल्लाका खेलाडीहरुसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रदेशबाट छनोट भएका खेलाडीहरुले साउन २२ गतेदेखि ३२ गतेसम्म हुने केन्द्रीस्तरको छनोट प्रतियोगितामा सहभागी जनाउन पाउनेछन् भने केन्द्रबाट छनोट भएका खेलाडीले असोज २ गतेदेखि १२ गतेसम्म हुने यु-१७ को राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुनेछन् ।

# एकल महिलाको सुरक्षासम्बन्धी अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय महिला आयोगको आयोजनामा एकल महिलाहरुको सुरक्षा सम्बन्धमा अन्तरक्रिया कार्यक्रम भएको छ । शुक्रबार जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागि प्रदेशस्तरका सरकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम भएको हो ।

कार्यक्रममा बागमती प्रदेशकी उपसभामुख अप्सरा चापागाईको प्रमुख आतिथ्य रहेको थियो भने राष्ट्रिय महिला आयोगकी कमलाकुमारी पराजुलीको अध्यक्षता रहेको थियो । अन्तरक्रिया कार्यक्रममा उपस्थित महिलाहरुले आफ्नो समस्याका कुरा राखेका थिए भने विभिन्न पक्षबाट भइरहेको अपमान तथा बेहेर चाहको बारेमा छलफल गरेका थिए ।

कार्यक्रममा एकल महिला अध्यक्ष शारदा चौलागाईंले एकल महिलाहरुको बारेमा पृष्ठभूमि प्रस्तुत गर्नुभएको थियो । महिला विकास अधिकृत चन्द्रकुमारी बजरकारले बागमती प्रदेश सरकारबाट सामाजिक क्षेत्रमा भएको क्रियाकलापबारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा करिब ८० जना महिलाहरुको सहभागिता रहेको थियो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# मेयरकप फुटबलमा हेटौंडा फुटबल एकेडेमी सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः धनुषा जिल्लाको क्षीरेश्वर नाथ नगरपालिकाले आयोजना गरेको मेयर गोल्डकप फुटबल प्रतियोगितामा मकवानपुरको हेटौंडा फुटबल एकेडेमी सहभागी हुने भएको छ । आज शनिबार बाट सुरु हुन लागेको प्रथम संस्करणको मेयर कप फुटबल प्रतियोगितामा एकेडेमी सहभागी हुने भएको हो ।

प्रतियोगिताको खेलतालिका अनुसार सोमबार फुटबल एकेडेमीले गोल बजार स्पोर्टस् क्लबसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतियोगितामा ८ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगितामा एकेडेमीसहित आयोजक क्षीरेश्वरनाथ नगर पालिका, नमुना जनउत्थान क्लब, गाईघाट फुटबल एकेडेमी, न्यू त्रियुगा स्पोर्टस् क्लब, वीरगञ्ज युनाइटेड र कटहरी युथ क्लबको सहभागिता रहनेछ ।

प्रतियोगिताको फाइनल खेल असार २२ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख रुपैयाँ र उपविजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# आज कोठे पद खेलसम्बन्धी एक दिवसीय कार्यशाला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलले कोठे पद (स्क्रयाबल) खेलसम्बन्धी एक दिवसीय कार्यशालाको आयोजना गर्दैछ । आज शनिबार एक दिवसीय कार्यशालाको आयोजना गर्न लागिएको विद्यालयका प्रिन्सीपल विनोद सुवेदीले जानकारी दिनुभएको छ । मकवानपुर जिल्लाका करिब ५० विद्यालयका २ सय ५० जना विद्यार्थी, शिक्षकको सहभागितामा कोठे पद खेलसम्बन्धी कार्यशाला हुन लागेको हो ।

विद्यार्थीको बौद्धिक विकास, शब्द भण्डारको विकास हुनुका साथै मनोरञ्जन समेत प्राप्त हुने भएकोले कोठे पद खेललाई विद्यालयमा विकास गर्नु जरुरी रहेको बताइएको छ। एक दिवसीय कार्यशालामा सहभागी हुन चाहने विद्यार्थी र शिक्षकलाई निशूल्क सहभागिता गराइने बताइएको छ। एउटा विद्यालयबाट कम्तिमा ३ जना विद्यार्थी र एक जना शिक्षकलाई सहभागी हुन आग्रह गरिएको बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका प्रिन्सीपल विनोद सुवेदीले जानकारी दिनुभएको छ ।

कार्यशालामा ४ कक्षादेखि १० कक्षासम्म अध्ययनरत विद्यार्थी सहभागी हुन सक्नेछन् । करिब ३ लाख रुपैयाँ लागत अनुमान गरिएको कार्यशालाको बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले उद्घाटन गर्नुहुनेछ। विद्यालय सञ्चालक समितिका अध्यक्ष दिनेश प्रसाद भण्डारीको अध्यक्षतामा शुक्रबार पत्रकार सम्मेलन नै गरेर कार्यशाला आयोजनाको विषयमा जानकारी गराइएको हो । पत्रकार सम्मेलनमा स्क्रयाबल क्लब मकवानपुर का संयोजक विवश जंग थापा, बारा जिल्ला संयोजक सुवास अधिकारी, तालिम संयोजक भोजराज सुवेदी, प्राविधिक संयोजक अर्जुन पाण्डेको पनि आतिथ्य रहेको थियो ।

# दूरसञ्चार सेवासम्बन्धी अन्तरक्रिया कार्यक्रम

समाज संवाददाता

हेटौंडाः हेटौंडामा शुक्रबार दूरसञ्चार सेवाको वर्तमान अवस्था र गुणस्तर सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम भएको छ। नेपाल दूरसञ्चार प्राधिकरणको आयोजनामा भएको कार्यक्रममा विभिन्न स्थानीय निकायहरुले दूरसञ्चारमा हुने समस्या तथा सुधार गर्न सकिने उपायहरु छलफल गरेका थिए ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्य र नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीको सभाध्यक्षता रहेको थियो । प्रमुख अतिथि जम्कट्टेलले नेपाललमा टेलिफोनको सेवा कम भएको भन्दै प्रविधिमा सुधार ल्याउन जरुरी रहेको बताउनुभयो । उहाँले दूरसञ्चारबाट ग्रामीण क्षेत्रमा सेवा कमजोर भएको बताउनुभएको हो ।

कार्यक्रममा बागमती प्रदेशमा दूरसञ्चारको अवस्था, उपभोक्ताहरुको अधिकार र कर्तव्य, सेवा प्रदायकको दायित्व लगायतका विषयहरूमा प्राधिकरणका निर्देशक अर्जुन घिमिरेले प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिकरणको क्रममा नेपाल टेलिकमका वरिष्ठ सिनियर इन्जिनियर डा. मधुसुदन दाहाल र एनसेलका कानुन तथा नियामक मामिलाका वरिष्ठ अधिकृत विशालमणि उपाध्यायले गरिरहेको काम तथा चुनौतीहरुको विषयमा प्रस्तुतिकरण गर्नुभएको हो ।

कार्यक्रममा दूरसञ्चार सेवाको टावर जडानमा चुनाती आइरहेको बताएका छन्। टावर जडान गर्दा घर कमजोर हुने भएकाले धेरैले टावर राख्न नदिने समस्या देखापरेको बताइएको छ। नेपालका सात प्रदेशमध्ये बागमती प्रदेशमा धेरै टावर जडान भएका छन् ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## डेंगीबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना–काप्चामा किटनाशक औषधी छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याङ्की, फुलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ